दंगीशरणगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

हेकुली दाङ
लुम्विनीप्रदेश, नेपाल
बैठक नं. २/२०८१/८२

बैठक वसेको मितिः २०८१/५/३०
वैठक वसेको स्थान : दंगीशरण गाउँ कार्यपालिकाको वैठक कक्ष ।

आज मिति २०८१/५/३०गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा दंगीशरण गाउँ कर्यपालिको वैठक वसी सर्वसम्मतिवाट निर्णय पारित गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री शम्भुगिरी | अध्यक्ष | |
| २ | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३ | श्री डिलाराम पाण्डे | सचिव | |
| ४ | श्री रमेश भण्डारी | वडाअध्यक्ष | |
| ५ | श्री डम्बर खत्री | वडाअध्यक्ष | |
| ६ | श्री सुकलाल चौधरी | वडाअध्यक्ष | |
| ७ | श्री कमल थारु | वडाअध्यक्ष | |
| ८ | श्री निरज बस्नेत | वडाअध्यक्ष | |
| ९ | श्री रोशनजंग शाह | वडाअध्यक्ष | |
| १० | श्री रोम बहादुर वली | वडाअध्यक्ष | |
| ११ | श्री मिना चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री द्रौपती थरुनी | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी भण्डारी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री चन्दा योगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री कृष्ण कामी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री सितारा नेपाली | गाउँ कार्यपालिका सदस्य | |

**मिति २०८१साल भाद्र ३० गते बसेको दंगीशरण गाउँ कार्यपालिका बैठकका निर्णयहरु**

**प्रस्ताव नं.१** एक पालिका एक भेटेनरी डाक्टर कार्यक्रमको पदपुर्ति सम्वन्धमा।

**प्रस्तावको संक्षिप्त ब्यहोरा :** संघीय सरकारवाट आ.व. २०८१/८२मा विनियोजित वजेट शिर्षक अन्तर्गत एक गाउँ एक भेटेनरी डाक्टर कार्यक्रम अनुसारको भेटेनरी डाक्टरको पदपुर्ति गर्ने

**हुनु पर्ने निर्णय : संघीय सरकार वाट** आ.व. २०८१/८२मा विनियोजित वजेट शिर्षकवाट सेवा सुविधा भुक्तान हुने गरी दंगीशरण गाउँपालिकाको प्राविधिक कर्मचारी करार सेवामा पदपुर्ति गर्ने सम्वन्धि व्यवस्था अनुसार विज्ञापन प्रकाशन गर्ने । परिक्षा सञ्चालन लिखित तथा अन्तरवार्ताको माध्यमवाट लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार पुर्णाङ्क कायम गर्ने र सो परीक्षाको लागी पदपुर्ति समितिको सचिवालय प्रमुखको रुपमा प्रशासन शाखा प्रमुखलाई तोक्ने ।पदपुर्तिमा खटिने जनशक्तिलाई लोकसेवा आयोगले निर्धारण गरे अनुसारको पारिश्रमिक उपलब्ध गराउने।

**निर्णय** : माथि ब्यहोरामा लेखिए बमोजिम गर्ने।

**प्रस्ताव नं.२** कृषि तथा पशु एकिकृत सेवा केन्द्र सञ्चालन सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** : दंगीशरण गाउँपालिकाको वडा नं. १ र२ मा कार्यक्षेत्र र वडा नं.६ र ७मा कार्यक्षेत्र रहने गरी एकजना सहायक स्तर चौथो /पाँचौ तहका कृषि /पशु प्राविधिक कर्मचारी र एक एक जना कार्यलय सहयोगी समेतको जनशक्ति ब्यवस्थापन गरी सेवा सञ्चालन गर्ने ।

**हुनु पर्ने निर्णय** : दंगीशरण गाउँपालिकाको वडा नं. १ र २ मा कार्यक्षेत्र र वडा नं.६ र ७मा कार्यक्षेत्र रहने गरी वडा नं. १ र २ को हकमा गोल्टाकुरी स्वास्थ्य चौकीको साविकको पुरानो भवनवाट र वडा नं.६ र ७ को हकमा वडा नं. ६को वडा कार्यालयवाट कार्यक्षेत्र कृषि तथा पशु एकिकृत सेवा सञ्चालन गर्ने ।

**निर्णय** : माथि ब्यहोरामा लेखिए बमोजिम गर्ने।

गाउँ कार्यपालिकाको
बैठक संख्या: २।२०८१।८२
मिति २०८१।५।३० को
निर्णय प्रमाणित।

**प्रस्ताव नं.३** आर्थिक सहायता सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा :** दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि,२०७५ बमोजिम पेश हुन आएका संलग्न वडा कार्यालयको सिफारिससाथ आर्थिक सहायता माग गरेकालाई आर्थिक सहायत उपलब्ध गराउनु पर्ने ।

**हुनु पर्ने निर्णय :** दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि,२०७५ बमोजिम आर्थिक सहायता मागको किसिम, समस्याको प्रकृति तथा औचित्यको आधारमा आर्थिक सहायता माग गरेका तपशिल बमोजिमका ब्यक्तिलाई आर्थिक सहायता भुक्तानी गर्ने।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७४

तपशिल

| क्र.स. | ब्यक्ति को नाम | ठेगाना | सहायता रकम | सहायतको कारण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | तोरण कुमारी चौधरी | वडा नं. ३ चखौरा | १०००० | भुस्याहा कुकुरले टोकेर भेडा मरेको | |
| २ | जानकी चौधरी | वडा नं. ३ रावतगाउँ | १०००० | छाडा कुकुरको टोकाईवाट घाईते | |
| ३ | सुन्दर लाल चौधरी | वडा नं.३ हेकुली | ५००० | विपन्न नियमित औषधि सेवन | |
| ४ | पवितरा विश्वकर्म | वडा नं. ७ | ५००० | दिर्घरोगी विपन्न | |
| ५ | सम्पत्ति चौधरी | वडा नं. ३ एकली | ५००० | पतिको ववई नदिले वगाएर मृत्यु काजकिरिया खर्च माग | |
| ६ | रेखा चौधरी | वडा नं. १ | ५००० | क्यान्सर रोग औषधी उपचार खर्च माग विपन्न | |
| ७ | श्रृंखला पौडेल | वडा नं. ४ | १०००० | नसा चापिएको विपन्न | |
| ८ | खुस्वु चौधरी | वडा नं. ५ | ५००० | वल्ड क्यान्सर | |
| ९ | नेपाल विद्यार्थि संघ | रापि ववई क्याम्पस ईकाइ समिति तुलसीपुर | १०००० | | |
| १० | वुधिराम चौधरी | वडा नं. ७ | ५००० | हाईड्रोसिल सम्वन्धि रोग उपचार | |

**निर्णय :** माथि उल्लेख भए बमोजिम आर्थिक सहायता भुक्तानी गर्ने।

गाउँ कार्यपालिकाको
बैठक संख्या: २/२०८१/८२
मिति २०८१/५/३० गते
निर्णय प्रमाणित।

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४** गौशाला ब्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य चयन सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोराः-** दंगीशरण गाउँपालिकाको गौशाला व्यवस्थापन सम्वन्धि कार्यविधि अनुसार चिसापानी गौशाला ब्यवस्थापन तथा सञ्चालनार्थ समिति गठन गर्ने।

**हुनु पर्ने निर्णय :** दंगीशरण गाउँपालिकाको गौशाला व्यवस्थापन सम्वन्धि कार्यविधिको आर्थिक विकास समितिले अध्ययन गरी गौशाला ब्यवस्थापन तथा सञ्चालन समिति गठनका लागि पदाधिकारी छनौट गरी अनुमोदनका लागी कार्यपालिकामा पेश गर्ने ।

**निर्णय :** माथि ब्यहोरामा लेखिए बमोजिम गर्ने ।

**प्रस्ताव नं.५** दंगीशरण गाउँपालिकाको पार्किङ्ग शुल्क सङ्कलन तथा ब्यवस्थापन कार्यविधि २०८१ अनुमोदन सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा :** स्थानीय सरकार सञ्चालन एनमा भएको व्यवस्था अनुसार शुल्क उठाउने प्रयोजनको लागी दंगीशरण गाउँपालिकाको पार्किङ्ग शुल्क सङ्कलन तथा ब्यवस्थापन कार्यविधि २०८१ अनुमोदन गर्नु पर्ने ।

**हुनु पर्ने निर्णय :**दंगीशरण गाउँपालिकाको आएश्रोत वृद्धि प्रयोजनार्थ तालतलैया सरकारी भवन वहाल तथा कवाडि सामान संकलन तथा निकासिको लागी राजश्व परामर्स समिति तथा सम्वन्धि विषयगत समितिमा छलफलको लागी पठाउने ।

**निर्णय :** माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

**प्रस्ताव नं.६ :** दंगीशरण गाउँपालिकाको स्वास्थ्य विमा कार्यविधि २०८१ अनुमोदन सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा :-** दंगीशरण गाउँपालिकाको आ.व.२०८१/८२को गाउसभावाट पारित वजेटमा समावेस भएको स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनको लागी कार्यविधि अनुमोदन गर्नु पर्ने ।

**हुनु पर्ने निर्णय :** दंगीशरण गाउँपालिकाको आ.व.२०८१/८२को गाउसभावाट पारित वजेटमा समावेस भएको स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनको लागी दंगीशरण गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम सञ्चालन कार्यविधि २०८१ छलफलका लागी सम्वन्धित समितिमा पठाउने।

**निर्णय :** माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

गाउँ कार्यपालिकाको
बैठक संख्या: २/२०८१/८२
मिति २०८१/४/२...को
निर्णय प्रमाणित

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.७** : दलित नमुना वस्तिको योजना स्थल छनौट सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- संघीय सरकारबाट विनियोजित नमुना दलित वस्ति निर्माण योजनाको निरन्तरताको लागी स्थान निर्धारण सम्वन्धमा ।

हुनु पर्ने निर्णय : अर्को वैठकमा पेस गर्ने ।

निर्णय : माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

**प्रस्ताव नं.८** : प्रदेश सरकारको समपुरक कोष तथा गाउँपालिकावाट सञ्चालित सडक स्तरोन्नति तथा कालोपत्रे योजनाको श्रोत सुनिश्चितता सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- दंगीशरण गाउँपालिकाको वडा नं.३,४,५,६ र ७मा निर्माणाधिन क्रमागत सडक स्तरोन्नति तथा कालोपत्रे योजनाको लागी थप १५लाखका दरले थप श्रोत सुनिश्चितता गर्ने ।

**हुनु पर्ने निर्णय** : दंगीशरण गाउँपालिकाको वडा नं.३,४,५,६ र ७मा निर्माणाधिन क्रमागत सडक स्तरोन्नति तथा कालोपत्रे योजनाको लागी थप १५लाखका दरले थप श्रोत सुनिश्चितता गरी टेण्डर आव्हान गर्ने ।

निर्णय : माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

**प्रस्ताव नं.९ विविध क)**: स्वास्थ्य संस्था प्रमुखहरु र वडाका प्राविधिकहरुको मासिक ईन्धनका सम्वन्धमा

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- यस पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था र वडा कार्यालयका प्राविधिक कर्मचारीहरुलाई ईन्धन उपलब्ध गराउने ।

**हुनु पर्ने निर्णय** : यस पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था र वडा कार्यालयका प्राविधिक कर्मचारीहरुलाई मासिक रुपमा गत आ.व. सम्म यस कार्यालयवाट उपलब्ध गराउदै आए वमोजिमनै ईन्धन अभिलेख कार्यविधि बमोजिम उपलब्ध गराउने ।

निर्णय : माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
बैठक संख्या: २/२०८१/८२
मिति २०८१/४/३० को
निर्णय प्रमाणित।

**प्रस्ताव नं.९ विविध** ख) : कृषि तथा पशु विकाशमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनाको पहिलो किस्ता निकासा सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- आ. व. २०८१/८२मा कृषि तथा पशु विकाशमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनाको पहिलो किस्ता निकासा गर्नुपर्ने ।

**हुनु पर्ने निर्णय** : आ.व.२०८१/८२मा कृषि तथा पशु विकाशमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनाको पहिलो किस्ताको लागी पेश्कि रकम निकासा गर्ने ।

निर्णय : माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

**प्रस्ताव नं.९ विविध** ग) : कृषि औजार तथा सामाग्रि खरिद ब्यवस्थापन सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- आ. व.२०८१/८२मा यस कार्यालयवाट कृषी औजार तथा सामाग्री खरिदमा विनियोजन भएको रु १५ लाख र कृषि तथा पशु विकाशमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनाको सोहि शिर्षकमा विनियोजित रकम एकिकृत गरी टेन्डर आव्हान गर्ने ।

**हुनु पर्ने निर्णय** : आ. व.२०८१/८२मा यस कार्यालयवाट कृषी औजार तथा सामाग्री खरिदमा विनियोजन भएको रु १५ लाख र कृषि तथा पशु विकाशमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनावाट सोही शिर्षकमा विनियोजित रकम एकिकृत गरी कृषि शाखाले लगत ईष्टिमेट गरी टेण्डर आव्हान गर्ने ।

निर्णय : माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं.९ विविध (घ) : गाडि भाडामा लिने सम्वन्धमा ।**

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- गत आ.व.२०८०/८१मा शारदा न.पा. १४ सल्यानका रा. १ च. १२४२का गाडिधनी भुवन गिरी संग गाडिभाडा लिन सम्झौता भएको र हाल यस आ.व.मा पनि उक्त गाडि निरन्तर प्रयोग भैरहेको हुदा साविक बमोजिमकै दर रेटमा यस आ.व.मा पनि गाडि भाडा सम्झौत गर्नुपर्ने ।

**हुनु पर्ने निर्णय** : गत आ.व.२०८०/८१मा शारदा न.पा. १४ सल्यानका रा. १ च. १२४२का गाडिधनी भुवन गिरी संग गाडिभाडा लिन सम्झौता भएको र हाल यस आ.व.मा पनि उक्त गाडि निरन्तर प्रयोग भैरहेको हुदा साविक बमोजिमकै दर रेटमा यस आ.व.मा पनि २०८१/४/१ देखी २०८१/९/२९ सम्म जम्मा ६ महिनाको लागी भाडामा लिने ।

निर्णय : माथि ब्यहोरामा लेखिए वमोजिम गर्ने।

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
बैठक संख्या: २/२०८१/८२
मिति २०८१/४/२० को